बैठक संख्याः १० - २०८२।०८३

आज मिति २०८२।१२।११ गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. श्री निर्मल राना ( गाउँपालिका अध्यक्ष )
२. श्री सपना चौधरी राना (गाउँपालिका उपाध्यक्ष)
३. श्री प्यारेलाल राना ( १ नं. वडा अध्यक्ष)
४. श्री आशाराम राना ( २ नं. वडा अध्यक्ष)
५. श्री टिकाराम डगौरा (३ नं. वडा अध्यक्ष)
६. श्री बहादुर राना ( ४ नं. वडा अध्यक्ष)
७. श्री पहल बहादुर थापा ( ५ नं. वडा अध्यक्ष)
८. श्री हर्कनारायण जोशी ( ६ नं. वडा अध्यक्ष)
९. श्री वसमती राना ( गाउँकार्यपालिका सदस्य)
१०. श्री दिलमाया चौधरी ( गाउँकार्यपालिका सदस्य)
११. श्री विन्दु देवि तिरुवा ( गाउँकार्यपालिका सदस्य)
१२. श्री शान्ती सार्की ( गाउँकार्यपालिका सदस्य)
१३. श्री गीता देवि कोली ( गाउँकार्यपालिका सदस्य)
१४. श्री दुर्गा देवि कामी ( गाउँकार्यपालिका सदस्य)
१५. श्री राज बहादुर सार्की ( सदस्य सचिव)

**बैठक संख्या: १० आ.व.२०८२।०८३ मिति:२०८२।१२।११ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १**

विषयगत शाखा तथा गठित समितिबाट तयार भै पेश हुन आएका देहाय बमोजिमका कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्ने ।

देहायः

१. मुक्त कमैया,हलिया तथा कम्हलरी पुन: स्थापना कार्यविधि २०८२
२. पर्यटकीय स्थल, पार्क, नमुना बाटिका तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि २०८२

**निर्णय नं. २**

यस लालझाडी गाउँपालिकाको **'घ' वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारी, नविकरण, नामसारी तथा खारेज गर्ने सम्बन्धी कार्यविधि, २०७४ (पहिलो संशोधन- २०८१)** अनुसार एक्सप्रेस ईन्जिनियरिङ्ग एण्ड कन्सट्रक्सन प्रा.लि. लालझाडी ५ कंचनपुर (PAN No 622423586) लाई ईजाजत पत्र सिफारिस समितिको निर्णयका आधारमा ' घ ' वर्गको इजाजत पत्र उपलब्ध गराउने ।

**निर्णय नं. ३**

तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि २०८२ अनुसार आगामी आ.व.२०८३।०८४ का लागि यस लालझाडी गाउँपालिकाबाट नियमानुसारको लागत सहभागिता रकम व्यहोर्ने गरी यसै साथ संलग्न देहायबमोजिम आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्ने ।

देहायः

प्रस्ताव संलग्न छ

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

लालझाडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## आगामी आ. व. २०८३।०८४ लागि  तराई मधेश समृद्धि कार्यक्रमको आयोजना /कार्यक्रम प्रस्ताव:

| क्र.सं | प्रस्तावित आयोजनाको नाम | कार्यक्रम संचालन हुने स्थान (वडा नं. समेत ) | आयोजना क्षेत्र | भौतिक लक्ष्य परिमाणमा | अनुमानित लागत | | | आयोजना सम्पन्न हुने अवधि ( महिना ) | आयोजना बाट लाभान्वित जनसंख्या | डी.पी.आर/ल.ई. भए/नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रीय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम (न्यूनतम ३० प्रतिशत) | कुल लागत | | | | |
| १ | डाडाजाई देखि देखतभुली पक्की पुल जोडने सडक कालोपत्रे | लालझाडवडा नं. ४ | सडक | २.० | २ करोड १० लाख | ९० लाख | ३ करोड | ९ | १० हजार | ल. ई. भएको | |
| २ | पुर्णिमा स्कुल देखि बेलौरी सिमाना जोडने सडक कालोपत्रे | लालझाडी वडा नं. ३ | सडक | २.० | २ करोड १० लाख | ९० लाख | ३ करोड | ८ | ८ हजार | ल. ई. भएको | |
| ३ | नवोदय आ वि देखि भुईया मन्दिर सम्म सडक कालोपत्रे | लालझाडी वडा नं. १ | सडक | २.८ | २ करोड १० लाख | ९० लाख | ३ करोड | ८ | ७ हजार | ल. ई. भएको | |

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत